म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक २९ मंगलबार ११ भदौ २०८१ ने. सं. ११४४ गुँलागा 27 August 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्य: रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

साझाकुरा

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## बृद्धा मृत भेटिए, नाती पक्राउ

हेटौंडा, १० भदौ/हेटौंडा उपमहानगरपालिका-१ भैररबडाँडास्थित पाथिभरा मन्दिर नजिकै बस्ने ७१ वर्षीया ठूलीमाया विश्वकर्मा आफ्नै घरमा मृत भेटिएकी छन् । घटनाका बारेमा अनुसन्धान गर्न ठूलीमायाकी नातीलाई मकवानपुर प्रहरीले नियन्त्रणमा लिएको छ ।

सोमबार बिहान ९:४० बजे ठूलीमायालाई आफ्नै घरमा मृत फेला पारिएको मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए । ठूलीमायाको दुबै कानबाट रगत बगेको भण्डारीले बताए । घरमा उनी र नाती प्रवीन विश्वकर्मा बस्दै आएका थिए । प्रहरीले ठूलीमायाको हत्या भएको आशंकामा नाती २८ वर्षीय प्रवीनलाई पक्राउ गरेको डिएसपी भण्डारीले बताए । शव पोस्टमार्टमका लागि हेटौंडा अस्पतालमा राखिएको छ ।

# आधुनिक र भुटनदेवीलाई 'मेघा विद्यालय' बनाउने तयारी

भानुभक्त आचार्य

हेटौंडा, १० भदौ/हेटौडा उपमहानगरपालिका-४ का वडाअध्यक्ष नबीन सिग्देलले हेटौंडाका दुई ठूला विद्यालय एकीकृत गरी 'मेघा विद्यालय' बनाउने अवधारणा अगाडि बढाएका छन् । शिक्षा मन्त्रालयले 'बिग स्कूल' को अवधारणामा छलफल चलाउन थालेपछि हेटौंडाका दुई ठूला विद्यालय एकीकृत गर्ने विषयमा छलफल सुरु भएको हो ।






हेटौंडा-४ मा रहेको आधुनिक राष्ट्रिय मावि र भुटनदेबी मावि एकीकृत गरी 'मेघा विद्यालय' को अवधारणामा संचालन गर्ने विषयमा छलफल अगाडि बढाइएको वडाअध्यक्ष सिग्देलले साझाकुरालाई बताए । आरामाविमा करिब २८ सय बालबालिका र भुटनदेबी माविमा २२ बालबालिका अध्ययनरत छन् । भुटनदेबीमा प्राबिधिक धारका विषयमा पनि अध्यापन गराइन्छ । दुबै विद्यालय एकीकृत गर्दा अहिले नै ५ हजार विद्यार्थी हुनेछन् । नेपालको सबैभन्दा ठूलो मानिएको बुटवलको कालिका माविमा करिब ८ हजार विद्यार्थी रहेका छन् ।

'हामीले हरेक वर्ष प्रबेश परीक्षा दिएका एक हजार पाँचसय विद्यार्थीलाई भर्ना लिन सकेका छैनौं' आरामाविका प्रधानाध्यापक रामसागर गुरागईं भन्छन्-'पर्याप्त कक्षाकोठा र जनशक्ति भएको अवस्थामा चार हजारदेखि ४५ सय विद्यार्थी यही विद्यालयमा हुने थिए । भुटनदेबी मावि र आरामावि एकीकृत गरी मेघा विद्यालय संचालन गर्ने विषयमा बहस अगाडि बढाइएको प्रअ गुरागाईले बताए । दुबै विद्यालय एकीकृत गरी राम्रोसँग ब्यवस्थापन गर्ने हो भने बुटवलको कालिका माविमा भन्दा धेरै विद्यार्थी हुनेछन् ।

केही दिनअघि जिल्ला समन्वय समितिका अध्यक्ष ललितकुमार घलान, शिक्षा विकास तथा समन्वय ईकाई मकवानपुरका प्रमुख सुदीप गिरी, शाखाअधिकृत उन्नति ढकालसँग आरामाविमा बिग स्कूलको अवधारणाका बारेमा अनौपचारिक छलफल भएको थियो । केही दिनभित्रै दुबै विद्यालय ब्यवस्थापन समितिको निर्णय गर्ने र तत्कालै दुबै विद्यालय ब्यवस्थापन समितिका पदाधिकारीहरु संयुक्त रुपमा बस्ने तयारी भएको वडाअध्यक्ष सिग्देलले जानकारी दिए । बहसको विषय बनाउनेभन्दा पनि हेटौंडा प्रदेशको राजधानी पनि भएका कारण मेघा विद्यालय संचालन गरी हेटौंडालाई शैक्षिक हव बनाउने गरी अगाडि बढ्न खोजेको सिग्देल बताउँछन् ।

चित्लाङमा संचालनमा आएको मदन भण्डारी प्राबिधिक विश्वविद्यालय, प्रदेश सरकारले मकवानपुर बहुमुखी क्याम्पसलाई प्रादेशिक विश्वविद्यालय बनाउन गरिरहेको गृहकार्यलाई पनि मेघा विद्यालय संचालनले सहयोगी साबित हुनेछ । हेटौंडा स्कूल अफ म्यानेजमेन्ट, हेटौंडा क्याम्पस, मकवानपुर बहुमुखी क्याम्पस, त्रिविअन्तर्गतको वनविज्ञान अध्ययन संस्थान, नारयणी कलेज, सहीद आकाश मेमोरियल कलेज, एएफयू अन्तर्गतको कृषि तथा वनविज्ञान क्याम्पसले हेटौंडामा उच्चशिक्षा अध्यापन गराइरहेका छन् ।

वडाअध्यक्ष सिग्देल लगायत जनप्रतिनिधि, आरामावि र भुटनदेबी मावि ब्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक अभिभावक संघका प्रतिनिधिलगायत टोली केही दिनभित्रै बुटवलको कालिका माविको अवलोकनमा जाने तयारी भएको छ । दुई वा दुई भन्दा बढी विद्यालय एकीकृत गरी मेघा विद्यालय संचालन गर्दा प्रशासनिक खर्च कम हुने, गुणस्तरीय शिक्षा दिन सकिने, सामुदायिक विद्यालयप्रतिको बिश्वसनीयता बृद्धि गर्न सकिने, हेटौंडालाई शैक्षिक हवको रुपमा विकास गर्न सकिने जस्ता धेरै उपलब्धी हुने वडाअध्यक्ष सिग्देल बताउँछन् ।

बागमती प्रदेश सरकारले प्रादेशिक विश्वविद्यालयको काम अगाडि बढाइरहेको अवस्थामा मेघा विद्यालय संचालन गर्न सकियो भने विश्वविद्यालयलाई पनि टेवा पुग्ने तर्क सिग्देलको छ । भुटनदेबी मावि ब्यवस्थापन समितिका अध्यक्ष समेत रहेका वडाअध्यक्ष सिग्देल भन्छन्- 'स्थानीय सरकार, प्रदेश सरकार र संघीय सरकारसँग समन्वय गरेर मेघा विद्यालय संचालनका लागि अगाडि बढ्नेछौं ।' भुटनदेबी माविसँग भएको जमिनलाई पूर्णरुपमा सदुपयोग गर्नका लागि पनि मेघा विद्यालय संचालन गर्नुपर्ने सिग्देल बताउँछन् ।

हरेक वर्षको प्राबिधिक धारसहितको प्रबेश परीक्षामा करिब एक हजार विद्यार्थीलाई भर्ना लिन नसकेको अवस्था रहेको भुटनदेबी माविका प्रअ माधवप्रसाद दाहालले जानकारी दिए । यो विद्यालयमा ईन्जिनियरिङतर्फ कक्षा ९-१२ मा करिव २ सय जना विद्यार्थी अध्ययन गरिरहेका छन् । बिग स्कूल संचालन गर्दा सबैपक्षलाई फाइदा पुग्ने देखिन्छ भने अगाडि बढ्ने वातावरण बनाउनुपर्ने प्रअ दाहालको धारणा छ । २०१६ सालमा स्थापना भएको भुटनदेबी मावि हेटौंडा नगरकै पहिलो विद्यालय हो ।

बिगत १५ वर्षदेखि नेपालको उत्कृष्ठ विद्यालयमध्ये एक मानिने आरामावि ब्यवस्थापन समितिका अध्यक्ष मोहम्मद समिमका अनुसार बिग स्कूलको अवधारणामा छलफल अगाडि बढेको र यो विषयमा अध्ययन भइरहेको छ । मुलुकभरका विद्यालयबाट आरामाविको ब्यवस्थापन, शैक्षिक गतिबिधि अध्ययन गर्ने टोली आइरहेका हुन्छन् । मेघा विद्यालय संचालन गर्दा आउनसक्ने चुनौतीका बारेमा पनि अध्ययन गर्नुपर्ने अध्यक्ष समिमको धारणा रहेको छ ।

नेपाल सरकारले दर्बन्दी मिलान गर्ने, विद्यालय मर्ज गर्ने, मेघा विद्यालयको सम्भाब्यतामा छलफल गर्ने काम स्थानीय तहलाई नै सुम्पेको अवस्था छ ।

# होटलमा युवती मृत फेला

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ हेटौंडा उपमहानगरपालिका-१०, बसपार्कस्थित एक होटलमा युवती मृत भेटिएकी छन् । हेटौंडा-११ थानाभञ्याङकी २३ बर्षीया एलिसा न्यौपाने होटलमा मृत फेला परेको प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले जानकारी दिए ।

प्रहरीका अनुसार न्यौपाने होटलको कोठा नम्बर २०५ मा सोमबार बिहान ११ बजे मृत फेला परेकी हुन् । शवलाई हेटौंडा अस्पतालमा राखिएको र घटनाबारे थप अनुसन्धान भइरहेको डिएस्पी भण्डारीले बताए । बिहान अबेरसम्म ढोका नखुलेपछि होटल सञ्चालकले प्रहरीलाई खबर गरेका थिए । आइतबार साँझ ५ बजे होटल पुगेपछि उनीहरुले बियर र मम मगाएर खाएको होटल संचालकले जानकारी दिएका छन् । मृतक युवतीको आँखामा चोट लागेको, कोठा रक्ताम्य भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार उनी हिजो आइतबार अपरान्ह ५ बजे एक युवकसँग होटलमा आएको र ती युवक राति करिब ८ बजे होटलबाट बाहिरिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । युवतीसँगै आएका युवकले न्यौपानेको हत्या गरेर कोठाको ढोका भित्रबाट बन्द गरी झ्यालबाट बाहिर निक्सिएको हुनसक्ने प्रहरीको भनाइ छ । होटलको आगन्तुक पुस्तिकामा उल्लेख गरिएको विवरणअनुसार युवकले मोवाइल नम्बर गलत टिपाएको पाइएको छ ।




# कान्तिलोकपथ र सिस्नेरी सडक संचालनमा

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ हेटौंडा-काठमाडौं जोड्ने छोटो दुरीको दुइवटा मार्ग केहीबेरमा संचालनमा आएका छन् । सोमबार अपरान्ह परेको पानीका कारण अबरुद्ध भएको कान्तिलोकपथ र भीमफेदी-सिस्नेरी-फर्पिङ सडकखण्ड संचालनमा आएको हो ।

आज सोमबार सडक माथीबाट लेदो पहिरो आएका कारण दुईवटा सडक अबरुद्ध भएको थियो । जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता डिएस्पी लक्ष्मी भण्डारीका अनुसार मकवानपुर भीमफेदी गाउँपालिका वडा नम्बर ८, महादेवटारस्थित कान्तिलोकपथ वर्षाका कारण लेदो पहिरो खसी अपराह्न ४ बजेपछि बाटो अवरुद्ध भएको थियो ।

बाटो अवरोध भएको खबर पाउनासाथ इलाका प्रहरी कार्यालय ठिंगनबाट खटिएको प्रहरी टोलीले सडक विभाग र फास्ट ट्र्याकसँग समन्वय गरी पहिरो पन्छाउने काम गरिएको प्रहरीप्रवक्ता भण्डारीले जानकारी दिए ।

यस्तै, कुलेखानी-सिस्नेरी-फर्पिङ सडक खण्डअन्तर्गत इन्द्रसरोवर गाउँपालिका वडा नम्बर ३ रामचन्द्र भञ्ज्याङमा सडकमाथिबाट लेदो पहिरो खस्दा बाटो पूर्णरुपमा अवरुद्ध भएको थियो । पहिरो गएको स्थानमा प्रहरी र सडक डिभिजन कार्यालयको टोलीले सडक खुलाउने कार्य गरेको र सडक पूर्णरुपमा संचालनमा आएको प्रहरीले जनाएको छ ।

## सम्पूर्ण ब्राण्डका गाडी
## एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक N2 (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३




## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**



- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।

प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)

सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# औद्योगिकग्राममा छैन चासो

सरकारले हरेक पालिकामा एउटा औद्योगिक ग्राम स्थापना गर्ने घोषणा गरेपनि प्रभावकारी कार्यान्वयन भने हुन सेकको छैन । सस्तो लोकप्रियता बटुल्न कार्यक्रम घोषणा गर्ने तर, कार्यान्वयनमा चासो नदिने सरकारको पुरानै रोग हो । मकवानपुरको थाहा नगरपालिकाले त्रिभुवनराजपथस्थित नौखण्डेको देउराली नजिकै औद्योगिक ग्राम स्थापना गर्ने तयारी गरेको पनि चार वर्ष भइसकेको छ । नगरपालिकाले औद्योगिक ग्राम स्थापनाको लागि डीपीआर तयार गरेर काम गरिरको छ । नेपालकै पुरानो राजपथ मानिने त्रिभुवन राजपथसँगै थाहानगरको औद्योगिक ग्राम जोडिएको छ । त्रिभुवन राजपथबाट डेढ किमि पूर्वपट्टी चालु आर्थिक बर्षको नीति तथा कार्यक्रममा समाबेस गरी थाहा-११ नौखण्डेको देउरालीमा औद्योगिक ग्राम स्थापनाका लागि ९० लाख रुपैयाँको बोलपत्र आब्हान गरिएको थियो ।

स्थानीय घरेलु उद्योगलाई प्रोत्साहन गरी बिक्री कम हुने समयका तरकारीलाई सुख्खा बनाई स्वरुप परिवर्तन गरेर पुनः उपभोग गर्न मिल्ने गरी बिक्री गर्ने व्यवस्था गर्ने खालका औद्योगिक प्रतिष्ठानलाई प्राथमिकता दिइने नगरको लक्ष्य छ । स्थानीय कच्चापदार्थको उपयोग गर्ने खालका औद्योगिक प्रतिष्ठान स्थापना गर्नका लागि औद्योगिक ग्रामको जमीन सम्याउने र सडक, विद्युत, खानेपानीको पूर्वाधार तयार गर्ने काम गर्न बोलपत्र आब्हान गरिएको हो । नौखण्डेको मनकामना मन्दिर आसपासमा रहेको करिब एक सय ५० रोपनी जमिनमा औद्योगिक ग्राम स्थापनाको लागि तयारी भइरहेको छ । नगरको ३५ लाख रुपैयाँ लगानीमा अहिले बाटोमा स्ल्याव ढलान गर्ने कार्य भइरहेको छ । कच्ची सडक पुगेको भएपनि त्यसलाई स्तरीकरण गर्ने, पानी, विद्युत, टेलिफोन जस्ता पूर्वाधार उपलब्ध गराउनका लागि बोलपत्र भएको नगर पालिकाले जानकारी दिएको छ । थाहानगरबासीले उत्पादन गर्ने मौसमी तथा बेमौसमी तरकारीलाई स्वरुप परिवर्तन गरी त्यसलाई बजारमा लैजाने खालको उद्योग स्थापना गर्नुपर्ने बताइएको छ । कच्चापदार्थका लागि बाहिरी मुलुकमा निर्भर हुन नपर्ने, गुन्द्रुक, मस्यौरा, मुलाको सन्दना, सिन्की जस्ता उपभोग्य बस्तु उत्पादन गर्ने उद्योगमा लगानी गर्ने लगानीकर्ताको खोजी गरिरहेको उनीहरुले बताएका छन् । बाँसका परम्परागत घरेलु सामग्री, काठका सामग्री उत्पादन गर्ने औद्योगिक प्रतिष्ठानलाई प्राथमिकतामा दिने नगरपालिकाको नीति छ । थाहानगरले नीति तथा कार्यक्रममा पनि कृषिजन्य उत्पादन तथा पशुपालन, पर्यटन प्रवर्द्धन, पूर्वाधार विकास, शिक्षा, स्वास्थ्य, रोजगारका क्षेत्रलाई प्राथमिकतामा राखेको छ । नगरपालिकाले कृषिजन्य उत्पादन क्षेत्रलाई उच्चप्राथमिकतामा राखेकोले औद्योगिक ग्राममा पनि स्थानीय कच्चापदार्थमा आधारित उद्योगलाई प्राथमिकता दिइने बताइएको छ । औद्योगिक ग्राममा औद्योगिक प्रतिष्ठान स्थापनाका लागि हालसम्म कसैले पनि आवेदन नदिएको नगरपालिकाले जानकारी दिएको छ । उद्योग राख्नका लागि लगानीकर्तालाई आब्हान गरिरहेको नगरपालिकाले बताएको छ ।

नगरबासीले उत्पादन गरेका तरकारी तथा खाद्यान्नको बजार व्यबस्थापनमा जोड दिइने नगरपालिकाले जनाएको छ । औद्योगिक ग्राममा घरेलु तथा साना उद्योग संचालन गर्न चाहने व्यक्ति वा फर्मलाई अनुदान र मेशिन उपलब्ध गराउने व्यवस्था गरिने नीति तथा कार्यक्रममा उल्लेख गरिएको छ । स्थानीयलाई रोजगार सृजना गरी नगरभित्रै पुँजी परिचालन गर्ने र उत्पादित वस्तुलाई बिक्री वितरणको लागि बजारको खोजी नगरपालिकाले पनि गर्ने नीति लिइएको छ । औद्योगिक ग्राममा बैदेशिक रोजगारीबाट फर्केका युवालाई स्थानीय कच्चापदार्थमा आधारित औद्योगिक प्रतिष्ठान स्थापना गर्न तालिम, सहजीकरण गर्न आफूहरुले स्थानीय सरकारलाई आग्रह गरेको थाहानगर उद्योग वाणिज्य संघले जनाएको छ । स्थानीय सरकारले उद्योग वाणिज्य संघको कुरामा खासै चासो नदेखाएको गुनासो पनि छ । थाहानगर बेमौसमी तरकारीका लागि प्रख्यात ठाउँ हो । थाहानगरको तरकारी काठमाडौं, हेटौंडा, बीरगंज, भरतपुर, जनकपुरलगायतका सहरमा पुग्ने गरेको छ । थाहानगर कृषि तथा पर्यापर्यटन क्षेत्रमा सम्भावना बोकेको क्षेत्र हो । कृषि र पर्यटन उद्योग संचलन गर्न अनुदान दिने व्यवस्था नगरपालिकाले गर्ने तयारीका साथ कार्यबिधि निर्माण भइरहेको बताइएको छ । यसका लागि ऋणकोष स्थापना गरिने जानकारी दिइएको छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ भाद्र १२ गते बुधबार २८ अगष्ट २०२४ । दशमी, भाद्र कृष्णपक्ष । गुँलागा ११४४ ने.सं. । सूर्योदय ५:४१, सूर्यास्त ६:२७ ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : आर्थिक लाभ | **तुला** | : धर्मबाट सन्तोष |
| **वृष** | : विदेशबाट लाभ | **वृश्चिक** | : कार्यमा अवरोध |
| **मिथुन** | : आफन्तमा विवाद | **धनु** | : स्वजनबाट विरोध |
| **कर्कट** | : स्थानान्तरणको योग | **मकर** | : शैक्षिक कार्यमा बाधा |
| **सिंह** | : सन्तान पक्षबाट नैराश्यता | **कुम्भ** | : सन्तान पक्षबाट सन्तोष |
| **कन्या** | : पराक्रम वृद्धि | **मीन** | : आफन्तमा विवाद |

# कुहिरो भित्रको काग बन्दै विद्यार्थी आन्दोलन



✍ तिर्सना ह्माल

जब देशमा सङ्कट देखापर्छ, मानिसहरू विद्यार्थी आन्दोलनको आवश्यकता महसुस गर्छन् । हामीकहाँ विद्यार्थी आन्दोलनको इतिहास नै त्यस्तै छ । निरङ्कुश जहानियाँ राणाशासनविरुद्ध होस्, निर्दलीय पञ्चायती व्यवस्थाका विरुद्ध होस्, वा निरंङ्कुश राजतन्त्र हटाएर गणतन्त्र ल्याउने ०६२/६३ को जनआन्दोलन होस्– अग्रपंक्तिबाट आवाज उठाउनेहरु विद्यार्थी नै थिए ।

देशमा महँगी बढ्दा होस् या कुरीति, कुशासन वा भ्रष्टाचार मौलाउँदा होस्ह त्यसविरुद्ध बोल्ने विद्यार्थी नै हुन्थे । त्यसैले विद्यार्थी आन्दोलन नेपालको राजनीतिक आन्दोलनको पर्याय बन्न गएको छ, तर पछिल्ला केही वर्षयता विद्यार्थी आन्दोलन कुहिरोभित्रको कागजस्तै भएको छ ।

सडकबाजका रूपमा देखापर्ने विद्यार्थी आन्दोलन साह्रै नमिठा आपसी कचिङ्गलमा रुमलिएको छ । विचारधारात्मक बहस छेड्ने तागतको कुरै छाडौं, वर्तमानमा विद्यार्थी संगठनहरूले न शैक्षिक सुधार वा रूपान्तरणका लागि आन्दोलनको उठान गर्न सकेका छन्, न त सामाजिक सुधारका एजेन्डामा आवाज उठाउन सकेका छन् । विद्यार्थी छन् तर विद्यार्थी आन्दोलन हराएको छ, विद्यार्थी संगठन छन् तर एजेन्डाविहीन भएर आन्तरिक अन्तर्कलहमा व्यस्त भएका छन् ।

वास्तवमा विद्यार्थी भनेका समाजको भविष्य र परिवर्तनका मुख्य चालक हुन् । सधैं अग्रगामी चेतना बोक्ने युवा विद्यार्थीहरू ज्ञानका भोका हुन्छन् । उनीहरू देश-समाजमा हुने कुनै पनि असामान्य गतिविधि तथा चित्त नबुझ्ने घटना वा कुरामा आफ्नो विचार व्यक्त गरिहाल्छन् । विद्यार्थी चेतना नयाँको खोजीका लागि सधैं लालायित हुन्छ । विद्यार्थी भनेको केवल पढ्ने-लेख्ने कार्यमा संलग्न भई औपचारिक संरचनाभित्रको व्यक्ति होइन, यो एउटा सोच हो । यो एक ऊर्जाशील चेतना हो ।

जुन किशोर वा युवामा नयाँ कुरा सिक्ने इच्छाशक्ति प्रबल छह समाजमा देखिने अन्याय, अत्याचार, असमानताका विरुद्ध आवाज नउठाइरहन सक्दैनह जो सधैं परिवर्तनका पक्षमा उभिन्छ र नयाँ कार्यका लागि अग्रसर रहन्छह उही विद्यार्थी कहलाउँछ । यही चेतना, सोच र प्रवृत्तिलाई संगठित रूप दिँदा त्यो विद्यार्थी आन्दोलन बन्छ । यसर्थ विद्यार्थी आन्दोलनमा जमेको पोखरीजस्तो होइन, तुफानी वेगमा बग्ने साउने भेलजस्तो चरित्र हुन्छ ।

जुन देश र समाजमा विद्यार्थी आन्दोलन सशक्त हुन्छ, त्यो देशमा राजनीतिक आन्दोलन पनि सही दिशामा हुन्छ । विद्यार्थी आन्दोलन कमजोर तथा सुषुप्त अवस्थामा भएका ठाउँमा राजनीतिक आन्दोलन पनि सशक्त हुँदैन । देशको समग्र व्यवस्था राजनीतिले निर्धारण गर्छ । राजनीतिक व्यवस्था सही हुन त्यो देशभित्रको राजनीतिक आन्दोलन मजबुत र सही दिशामा हुनुपर्छ । जब राजनीतिले बाटो बिराउँछ वा राजनीतिक आन्दोलन एजेन्डाविहीन बन्छ, त्यो देशको भविष्य सङ्कटमा पर्छ ।

वर्तमान नेपालको राजनीतिबारे कुरा गर्दा सामाजिक र राजनीतिक संगठनका बारेमा चर्चा गर्नैपर्छ । नेपाली समाजमा आज जुन प्रकारका राजनीतिक समस्या देखापरेका छन्, ती अन्ततः वैचारिक समस्या हुन् । यो आलेख विद्यार्थी आन्दोलन कुहिरोभित्रको काग हुनुका कारण खोतल्न केन्द्रित छ । त्यसका निम्न कारण प्रमुख छन् ।

### एजेन्डा विहीनता

निरङ्कुश जहानियाँ राणाशासनविरुद्ध बोल्नु मृत्युदण्डको सामना गर्नु हुन्थ्यो, त्यस बेला अग्रगामी चेत भएका विद्यार्थीले भारतबाट आवाज उठाएका थिए । पञ्चायती व्यवस्थाका विरुद्ध पनि बोल्न सहज थिएन, यद्यपि ठाउँ ठाउँमा विद्यार्थीले आन्दोलन गरी दलहरुलाई आधार दिएका थिए । दशवर्षे जनयुद्ध र २०६२/०६३ को ऐतिहासिक जनआन्दोलनमा विद्यार्थी संगठनहरुले गणतन्त्र स्थापनाका लागि स्पष्ट वैचारिक एजेन्डा लिएर सडक तताएका थिए । नेपालको राजनीतिक इतिहासमा ऐतिहासिक कोसेढुंगा साबित यी चर्चित आन्दोलनमा मात्र होइन, त्यस अघि र पछि पनि नेपाली विद्यार्थी आन्दोलन स्पष्ट वैचारिक एजेन्डामा आधारित थियो ।

प्रमुख राजनीतिक दलहरूले आन्दोलनको उठान गर्न नसकिरहेका बेला समेत स्पष्ट वैचारिक मार्गमा विद्यार्थी अगाडि बढेका थिए । सत्य यो छ कि विद्यार्थी आन्दोलनले उठाएका एजेन्डा र आन्दोलन नै अन्ततः राजनीतिक दलले अपनाएर ऐतिहासिक राजनीतिक परिवर्तन भएका छन्, तर पछिल्लो समय विद्यार्थी आन्दोलन वैचारिक एजेन्डाविहीन भएको आभास हुन्छ ।

यतिखेर कुनै पनि विद्यार्थी संगठनले आफ्नो स्पष्ट वैचारिक दृष्टिकोण अगाडि सार्न सकेको देखिँदैन । मातृ पार्टीले सञ्चालन गरेको आन्दोलन वा कार्यक्रममा सहभागी हुनेबाहेक विद्यार्थी संगठनहरूले स्वतन्त्र आन्दोलनका कार्यक्रम विकास गरेको देखिँदैन । सामान्य समसामयिक विषयमा प्रतिक्रियात्मक टिप्पणी गर्नेबाहेक व्यवस्थित कार्यक्रम र कार्ययोजना विकास गर्नेतिर संगठनहरू लागेको पाइँदैन । यही नै विद्यार्थी संगठनहरूभित्रको वैचारिक समस्या हो ।

विद्यार्थी नेताहरू विचार दृष्टिकोणको बहसमा भन्दा विशुद्ध प्राविधिक विषयमा अलमलिएको प्रस्ट देखिन्छ । विद्यार्थी संगठनका मुद्दाहरू स्पष्ट नहुँदा उनीहरूको आन्दोलनलाई समर्थन गर्ने आधार कमजोर हुँदै गएको छ । विद्यार्थी आन्दोलनले विगतमा महत्त्वपूर्ण मुद्दाहरू उठाएका थिए, आजका दिनमा तिनको प्रभाव र धार हराएको देखिन्छ ।

### वैचारिक बहसको अभाव

कुनै पनि राजनीतिक संघ-संगठन वा दलको जीवन्तता र प्रभावकारिता त्यस संगठनले बोक्ने विचारले निर्धारण गर्छ । स्पष्ट वैचारिक कार्यदिशा तथा दृष्टिकोण नभएका राजनीतिक संगठनहरू मौसमी हुन्छन् । एउटा निश्चित समयमा खहरे भेलसरी उदाउँछन् र त्यसैगरी विलीन भएर जान्छन् ।

मानिसको चेतनालाई व्यवस्थित दिशानिर्देश गर्ने राजनीतिक विचारले नै हो । व्यक्तिले बोक्ने विचारले उसको सामाजिक अस्तित्व र यात्रा निर्धारण हुन्छ । त्यसैगरी कुनै पनि देशभित्रका राजनीतिक संघ-संगठनहरूले बोक्ने विचारले नै त्यो देशको अस्तित्व र यात्रा निर्धारण हुन्छ । देशको नेतृत्व गर्ने राजनीतिक दल वा तिनका नेतामा वैचारिक स्पष्टता, त्यसप्रतिको दृढता र देश बदल्ने सपना जस्तो भयो, त्यही अनुसार त्यो देशको भविष्य तय हुन्छ ।

पछिल्लो समय समाजको वैचारिक धार क्रमशः मत्थर हुँदै गएको देखिन्छ । समाजमा जति बढी वैचारिक बहस, छलफल, अध्ययन तथा अन्तर्क्रिया हुन्छन्ह त्यति नै देशले सही राजनीतिक नेतृत्व प्राप्त गर्छ । साथै सैर्षको मैदानमा उत्रिने नेताहरूमा वैचारिक स्तर विकास र समृद्ध हुँदै जान्छ । राजनीतिक विचारहरू जति बढी संघर्षको मैदानमा माझिन्छन्, त्यति प्रभावशाली हुन्छन्, तर हिजोआज जनसंगठनहरू वैचारिक बहसमा होइन, सामाजिक सञ्जालमा ओइरिने गाली, आवेग, प्रतिक्रियाभित्र सीमित हुने गरेका छन् । वास्तवमा समाजको वैचारिकी निरन्तर कमजोर हुँदै गएको भान हुन्छ ।

### व्यक्तिगत कुण्ठा

हिजोआज विद्यार्थी संगठनमा मात्र होइन, प्रायः सबै जनसंगठनमा विचार दृष्टिकोणमाथि कम छलफल हुन्छन् । निर्धारित कार्य अवधिभर ती कमिटी सधैं आन्तरिक विवाद मिलाउन वा व्यक्ति-व्यक्तिको व्यवस्थापन गर्नेतिर बाहेक कतै पुगेको देखिँदैन । व्यक्तिगत कुण्ठामा राजनीतिक जनसंगठनहरूको सिङ्गो कार्यकाल बित्ने गरेको छ ।

प्रथमतः संगठनहरूमा साझा छलफल, बहस तथा अन्तर्क्रिया नभई कुनै निश्चित एक व्यक्तिको एकमनावाद लागु भएको देखिन्छ । त्यसो हुँदा त्यसभित्र रहेका नेता तथा सदस्यहरूका व्यक्तिगत स्वार्थ, समस्या, प्रवृत्ति तथा कुण्ठामा संगठन कैद हुन्छ । जब कुनै संगठनका सबै छलफल तथा बैठकहरू व्यक्तिका व्यवस्थापन तथा केही व्यक्तिबाट सिर्जित समस्यामाथि केन्द्रित हुन्छन्, तब त्यो संगठनको मात्र होइन, ऊसँग जोडिएको सिङ्गो समाजकै गति शून्य हुन जान्छ । यसले आन्दोलनको नैतिक आधारलाई कमजोर बनाएको छ ।

राजनीतिक प्रकृतिका संगठनहरू समेत विशुद्ध प्राविधिक समितिका रूपमा देखा परेको देखिन्छ । संगठनभित्र आन्तरिक गुटबन्दी र कलह बढ्दै गएको देखिन्छ । गुटबन्दी र आन्तरिक क्लहकै कारण राजनीतिक संगठनहरूमा हुनुपर्ने असली एकता र तागत छैन । सामाजिक राजनीतिक परिवर्तनलाई आकार दिने शक्ति तथा संगठनहरू अहिले निष्प्रभावी भएका छन् ।

### निरङ्कुशता जन्माउने आधार

हिजोआज कतिपयले नेपालमा लामो राजनीतिक अस्थिरता र अराजकताबाट वाक्क भएर कुनै निरङ्कुश शासक जन्मिदिए हुन्थ्यो भन्ने कामना गरेको पनि पाइन्छ, तर यो भावुक आवेग मात्र हो । विश्वको इतिहासले भन्छ, निरङ्कुशताले जनआकांक्षालाई सम्बोधन गरेको कतै भेटिँदैन । निरङ्कुशताले देशलाई सही निकास दिएको कहीँकतै छैन । आजसम्मको संसारको इतिहास हेर्दा जब देशमा राजनीतिक संगठनहरू प्राविधिक रूपमा एकै ठाउँमा रहे पनि आन्तरिक रूपमा छिन्नभिन्न हुन्छन्, यस्तो परिस्थितिमा निरङ्कुशताको उदय हुन सहज हुन्छ । जनसंगठनहरूले समाजमा राजनीतिक अन्तर्क्रियालाई जीवन्त बनाउँछन् देशभित्र बेलाबेला देखापर्ने सामाजिक विकृति, विसंगति तथा खराबीका आवाज बुलन्द पार्छन् शक्तिको उन्मादमा सत्तामा हुने गलत निर्णयका विरुद्ध जनआवाज मुखरित गर्छन् ।

जनसंगठनहरू कमजोर हुँदा सत्ता निरङ्कुश बन्दै जान्छ । अहिले नेपालको परिस्थिति हेर्दा निरङ्कुशता मौलाउने वातावरण बन्दै गएको देखिन्छ । मानिसहरू अहिलेको यो अन्योल र अराजकतापूर्ण राजनीतिक परिस्थितिभन्दा विगतको राजतन्त्र नै ठिक हो भन्न पुगेका छन् । कतिपयले जंगबहादुरकै खोजी गरेको पाइन्छ । वास्तवमा देशले न फेरि अर्को जंगबहादुरको सहन गर्न सक्छ, न त राजतन्त्रलाई फर्काउन सक्छ । सस्तो भावुकता वा आवेगपूर्ण आकांक्षालाई रोक्नैपर्छ, इतिहास कुनै पनि सर्तमा पछाडि फर्कंदैन । समय त उथलपुथलपूर्ण राजनीतिक विकासकै बिच निरन्तर अगाडि बढिरहन्छ ।

नेपालको समग्र राजनीतिमा अहिले एउटा शैली र संस्कारमा अभ्यस्त भइसकेको ६० कटेको पुस्ता हाबी छ । यो लामो राजनीतिक अस्थिरताको कारक यही पुस्ता हो, जुन पुस्ता सहजै आफ्नो संस्कार र शैली बदल्न सक्दैन । देशको भविष्य युवाहरूको हातमा हुन्छ । त्यसैले युवा विद्यार्थीले बाँकी राजनीतिलाई सही ट्र्याकमा ल्याउने उपायमा लाग्नैपर्छ । युवा विद्यार्थीले गहिरिएर सोच्नैपर्छ कि आफ्नो भविष्य अरुका काँधमाथि फालेर कसैको स्वार्थको गोटी बन्नु हुँदैन ।

यसअघिको पुस्तामा विकास भएको राजनीतिक शैली र संस्कारले आजको जुन अवस्था निम्त्याएको छ, त्यही शैली र संस्कारलाई अपनाएर आजको विद्यार्थी आन्दोलनले देशको सही नेतृत्व दिन सक्दैन । नेपालको शैक्षिक, सामाजिक तथा राजनीतिक समस्यालाई समाधान गर्न नेपाली विद्यार्थी आन्दोलनलाई सशक्त पार्नैपर्छ ।

स्पष्ट वैचारिक दृष्टिकोणयुक्त युवा विद्यार्थी आन्दोलनको विकासमा सबैले ध्यान दिनैपर्छ । जनसंगठनहरूभित्र भइरहेका व्यक्तिकेन्द्रित गलत सांगठनिक अभ्यासलाई अन्त्य गरी तीव्र वैचारिक बहसलाई बढावा दिएर विचार निर्माणको अवयवका रूपमा विद्यार्थी संगठनहरूलाई विकास गर्नु जरुरी छ । विद्यार्थी संगठनहरूभित्र मौलाउँदै गएको वैचारिक अन्योलता, दिशाहीनता र व्यक्तिकेन्द्रित राजनीतिक कुसंस्कारलाई चिरेर कुहिरोभित्र हराएको आन्दोलनलाई स्पष्ट वैचारिक दिशा प्रदान गर्नु आजको आवश्यकता हो ।

*(साभार: रातोपाटी)*

# छाउ बार्नै पर्ने पारिवारिक दबाब

✍ बालकृष्ण मैनाली

एक्काइसौं शताब्दीमा आइपुग्दा पनि कतिपय हामी आफैंलाई मानवको कोटीमा राखेर अरु त अरु आफ्नै सन्तानलाई अमानवीय हर्कत गर्न लागिपरिरहेका हुन्छौं । हामी आफूलाई एक्काइसौं शताब्दीका मानव भनेर प्रायः प्रस्तुत हुने गर्दछौं । तथापि हामी पनि मानव हौं, हाम्रा पनि केही मूल्य-मान्यता तथा अधिकारहरु छन्, त्यो स्वतन्त्ररुपमा उपभोग गर्न पाउनुपर्छ भनेर सामान्य आवाज पनि उठाउन नसक्ने अवस्थामा छौं । चाहेर वा थाहा पाएर पनि व्यक्त गर्न नसक्ने मानवहरु विश्वका विभिन्न देशहरुमा रहेका छन् । त्यसमध्येको एउटा देश नेपाल पनि पर्दछ । सरोकारको विषय छाउपडीकै हो । छाउपडीका सम्बन्धमा सम्बन्धित सरोकारवालाहरु, परिवारका सदस्यहरुको धारणामा परिवर्तन हुन अनिवार्य छ भन्ने कुराको बहसलगायत विभिन्न कार्यक्रमहरु सञ्चालन भएको निकै भइसक्यो ।

महिनावारी भएका बखत चेलीहरु बस्ने छाउघर भत्काउने अभियान नै सञ्चालन भयो । थुप्रै छाउघरहरु भत्काइए पनि । धामी, झाँक्रीलगायत परिवारका ज्येष्ठ सदस्यहरुलाई यसबारे विभिन्न तालिमसहित चेतनामूलक कार्यक्रमहरु पनि सञ्चालन भए । तैपनि यो संस्कार कतिपय समाज र परिवारमा जरो गाडेर बसेको बस्यै छ । संविधान तथा कानुनले दिएका अधिकार सर्वोच्च अदालतबाट बेलाबेलामा भए/गरिएका यो संस्कारविरुद्धका आदेशहरु यतिखेर पनि अर्थहीन हुन पुगेका छन् । प्रत्येक वडामा कम्तीमा दुईजना महिला जनप्रतिनिधिको व्यवस्था हुँदा पनि यो प्रथामा बन्देज लाग्न सकेन । त्यति मात्र होइन, उल्टो महिला जनप्रतिनिधिहरु स्वयं नै पारिवारिक दबाबमा परी छाउ बार्न बाध्य भएका छन् । वास्तवमा छाउपडी बस्नै पर्ने बाध्यतामा केही पनि वैज्ञानिक आधारहरु छैनन् । यो त खालि हाम्रा केही पूर्वजहरु (महिला, पुरुष दुवैले) नबुझेर, नजानेर अपनाएका परम्परागत विधि मात्र हुन् ।

वर्तमानमा नेपालको कुनै पनि जिल्लाका नेपाली दाजुभाइ तथा दिदीबहिनीहरु पहिलाको जस्तो पक्कै हुनुहुन्न । शिक्षा र चेतनाको स्तर केही माथि पक्कै उठेका छन् । गाउँघरमै पनि धेरै मात्रामा परिवर्तन आइसकेको छ । स्थानीय गाउँघरमा आफ्नो वरपरका विषयमा मात्र सीमित नभई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय राजनीतिका विषयवस्तुहरुमा समेत चर्चा गर्ने गरिन्छ । यसैलाई आधार मानेर ती जिल्लाका आमाबुबा, दाजुभाइ तथा दिदीबहिनीहरु जुन जिल्लाहरुमा छाउपडीको प्रचलन व्याप्त छ उहाँहरुले आफ्नो अन्तर्मनमार्फत सोच्नै पर्ने अवस्था आएको छ ।

के साँच्चिकै यो प्रथालाई जारी राखिरहेमा के त्यसले प्रत्येक चेलीहरुको अन्तर्मनको पीडालाई सम्बोधन गर्छ ? किन हामीले हाम्रो समाजमा छाउपडीजस्तो अव्यावहारिक प्रयोगलाई निरन्तरता दिइरहन हामी हाम्रा छोरीचेलीमाथि दबाब दिइराखेका छौं ? किन गलत संस्कार र चिन्तनलाई पछ्याउँदै आफ्ना सन्तान, छोरी, बुहारी, दिदीबहीनीहरुलाई महिनावारी (छुई) भएको अवस्थामा बसिरहेको घरबाट निश्चित दिनको लागि भनी निकाल्छौं ? किन अकालमा मृत्युको मुखमा धकेल्छौं ? किन बलात्कारजस्तो जघन्य अपराधलाई प्रत्यक्ष वा अप्रत्यक्षरुपमा निम्त्याइरहेका छौं ? के साँच्चै हामी आफ्ना सन्तानप्रतिको संवेदनालाई हामी आफैंले मारेका हौं ? हुँदा-हुँदा यसै पत्रिकामा सार्वजनिक भएको यससम्बन्धी पछिल्लो समाचारलाई गम्भीरतापूर्वक लिने हो भने पनि के हामी एक्काइसौं शताब्दीका मानव हौं भन्न सुहाउँछ ?

प्राकृतिक प्रक्रोपका कारण आफ्नो घरजग्गा बगाएपछि विस्थापित बन्न पुगेका सुर्खेतका केही दलित समुदाय जो खुला राजमार्गको किनारमा विस्थापित भएर बस्न बाध्य छन् । दशौं वर्ष बितिसकेछ, प्राकृतिक प्रकोपका कारण विस्थापित भएको । तर पनि राज्यले बसोबासको प्रबन्ध मिलाएको रहेनछ । उल्टो राज्यको सम्बन्धित निकायले स्थान छाड्न दबाब दिएको दियै छ । पक्कै हो, सरकारी जग्गामा जथाभावी टहरा हालेर बस्नु राम्रो कार्य होइन तर साँच्चिकै प्राकृतिक वा अन्य कुनै कारणले देशको नागरिक विस्थापित हुन पुगेमा आफ्नो देशको नागरिकलाई पुनर्स्थापित गराउनु राज्यको पनि कर्तव्यभित्रै पर्दछ भन्ने कुरा राज्यले बुझ्नै पर्दछ । एकातिर राज्यले यो विषयलाई गम्भीरतापूर्वक नलिनु आफ्नो ठाउँमा छँदै छ तर प्राकृतिक प्रक्रोपका कारण विस्थापित बन्न पुगेका परिवारका सदस्यहरुले समेत आफना चेलीछोरीहरुलाई महिनावारी भएको बेलामा छाउ बार्न पठाउनु भनेको गम्भीर विषय बन्न पुगेको छ ।

अब हाम्रा बाआमा, दाजुभाइ, दिदीबहिनीहरुले के कुरा बुझ्न र स्पष्ट हुन जरुरी छ भने, महिला तथा किशोरीमा हुने महिनावारी प्राकृतिक नियम हो । यो कुनै श्राप र समस्या हुँदै होइन । महिनावारी भएको बेलामा कुनै पनि वस्तु छुन नहुने, महिनावारी हुनुभन्दा अगाडि बस्दै आएको घर-कोठामा प्रवेश गर्न नहुने वा बस्न र सुत्न नहुने, दही, दूध, घिउ छुन र खान नहुने भन्ने कहीं कतै लेखिएको छैन । त्यस्तै गरी महिनावारी भएको बेलामा कुनै पनि वस्तु छोएमा, महिनावारी हुनुभन्दा अगाडि बस्दै आएको घर-कोठामा प्रवेश गरेमा वा बसेमा वा सुतेमा, दही, दूध र घिउ छोएमा र खाएमा केही अनिष्ट हुँदैन । यो पक्का हो । महिनावारी भएका महिलाले भैंसी वा गाईलाई छुँदा अथवा दही-दूध खाँदा अपसकुन हुने भए अहिलेको अवस्थामा शहरी क्षेत्रमा महिनावारी भएका महिला दिदीबहिनीहरुले गाई-भैंसीलाई छुने मात्र होइन, दही-दूध खाने मात्र होइन, त्यसको बेचबिखन र कारोबारसमेत गर्नुहुन्छ ।

त्यही गाउँघरका महिला दिदीबहिनीहरु जिल्लाको सदरमुकाम अथवा काठमाडौंलगायत अन्य शहरी क्षेत्रमा खाना बनाउनेदेखि साना चिया पसल, होटल व्यवसायसमेत गर्नुहुन्छ । थुप्रै चेलीहरु वैदेशिक रोजगारीको नाउँमा विदेश पलायन हुनुभएको छ । कतै कुनै अनिष्ट भएको छैन, बरु आर्थिक सशक्तीकरणमा टेवा पुग्न गएको छ । आफ्ना छोराछोरीलाई मध्यम खालका बोर्डिङ स्कुलमा पढ्न पठाउन सक्षम हुनुभएको छ । नपत्याए ती स्थानमा गएर सोध्नुहोस्, अनुगमन गर्नुहोस्, सबै थाहा पाउनुहुन्छ । तपाईं-हामी पुरुषहरु जिल्लाको सदरमुकामका होटेलहरुमा महिनावारी भएका महिला दिदीबहिनीहरुले बनाएका खानेकुरा कैयौंले खाएका छौं । आत्मालाई साक्षी राखेर आफूले आफूलाई यो विषयलाई लिई मूल्यांकन गर्ने बेला भइसकेको छ । अबको अवस्था भनेको हामी घरका सबै सदस्यहरु तथा सरोकारवालाहरुले महिनावारी भएका महिला दिदीबहिनीहरुलाई घरबाट निश्चित दिनसम्म निकाल्नु भनेको पाप हो भन्ने कुरालाई आत्मसात् गर्नुपर्‍यो ।

हामी आफैंले आफ्ना छोरी, चेली, बुहारीलाई अकालमा मृत्युको मुखमा पठाउने वा बलात्कारको सिकार हुने अवस्थाको स्वयं सृजना गरिराखेका छौं भन्ने यथार्थतालाई स्वीकार्न हिचकिचाउन भएन । यस किसिमको कार्य महिलाविरुद्ध भइरहेको चरम हिंसाको चरम रुप हो भन्ने कुरालाई आत्मसात् गर्नु अनिवार्यता देखिइसकेको छ । परिवारका सदस्यहरुबाटै हुने प्रथागत व्यवहारको माध्यमबाट जानी नजानी घटाइने हिंसा भएकोले परिवारका सदस्यहरुबाटै यसको अन्त्य सम्भव छ र सजिलो छ ।

स्थानीय सरकार पनि वास्तवमा बलियो नै छ भन्नुपर्छ । पहिलाको जस्तो स्थानीय निकायमा पुरुषको मात्रै वर्चश्व छैन, महिलाको पनि त्यत्तिकै वर्चश्व छ । जहाँ-जहाँ छाउपडीको प्रचलन रहेको छ तत्-तत् स्थानका स्थानीय सरकारले आवश्यक परे अलि कडारुपमा स्थानीय सरकार सञ्चालन ऐनलाई कार्यान्वयन गर्ने हो भने यो गलत परम्परा हट्न धेरै समय लाग्दैन । स्थानीय सरकार प्रमुखको नेतृत्वमा जो-जो यस कुरामा विश्वास राख्छन् तिनीहरुलाई अथवा बढी विश्वास गर्ने धामीझाँक्रीहरुलाई अथवा सम्बन्धित समुदायका अगुवाहरु ज्सले यस्ता कुरामा विश्वास गरिराखेका छन् र अरुलाई विश्वास दिलाइराखेका छन्, तिनीहरुलाई शहरी क्षेत्रलगायत महिला दिदीबहिनीहरुले सञ्चालन गरेको उद्योग, होटेल, चिया पसल आदिमा भ्रमण गराई उनीहरुसँगै वार्तालाप गराएर समस्याको समाधान निकाल्ने प्रयासको थालनी गरिनुपर्दछ ।

शहरी क्षेत्रमा महिनावारी भएका दिदीबहिनीहरुले उनीहरुले के खान हुन्छ, के छुनुहुन्छ, त्यो त परै जाओस्, उनीहरुले बनाएका चिया, नास्ता तथा पकाएको खानासमेत खाएर जाने हामी पुरुष तथा महिलाहरुले आफ्ना चेलीछोरी महिनावारी हुँदा छाउपडीमा पठाउने गर्छौं भने त्योभन्दा निकृष्ट कार्य अन्य के हुन सक्ला ।

*(साभार: न्यूज अफ नेपाल)*

# सर्वोच्चको आदेशले प्रहरीमा अलमल: लगाइसकेको फुली के गर्ने ?



काठमाडौं/प्रहरीको ३० वर्षे सेवा अवधिबारे दिएको निर्देशनात्मक आदेश कार्यान्वयन नगरेकोमा अदालतको अपहेलनामा किन कारबाही नगर्ने भनेर गृह मन्त्रालयले १५ दिनभित्र सर्वोच्च अदालतमा लिखित जवाफ पेश गर्नु पर्नेछ । तर त्यसभन्दा ३० वर्ष सेवा अवधिका कारण अवकाश पाउन लागेका ९० भन्दा धेरै अधिकृतलाई घर नपठाउन दिएको अन्तरिम आदेशविरुद्ध पुनरावलोकन निवेदन दिने तयारी गरेको छ । किनकी अन्तरिम आदेशका कारण दैनिक पुलिसिङमा समेत अठ्यारो परेको प्रहरी प्रधान कार्यालयको भनाइ छ ।

नेपाल प्रहरी नियमावलीमा ३० वर्षे सेवा अवधि, उमेर पदावधिका आधारमा अवकाश दिने व्यवस्था छ । अधिकांश उच्च पदस्थ अधिकृतहरु ३० वर्षे सेवा अवधिको प्रावधानबाट अवकाशमा जाने गरेका छन् । डीआईजीदेखि इन्स्पेक्टरसम्म ९० भन्दा धेरै अधिकृत सेवा अवधिकै कारण १६ भदौमा अवकाशमा जान लागेका थिए ।

त्यसअनुसार प्रहरीको किताबखानाले एक महिनाअघि नै अवकाशबारे जानकारी दिने पत्र काट्यो । प्रहरी प्रधान कार्यालयले पनि अवकाशमा जान लागेका ३७ प्रहरी अधिकृतलाई एक तह बढुवा गरेर फुली लगाइदियो । किनकी एउटै पदमा ८ वर्ष बहाल रहेको डीएसपीसम्म अधिकृतले अवकाश पाउन एक महिना बाँकी रहको अवस्थामा एक तह बढुवा गर्ने प्रहरी नियमावलीमै छ ।

तर २१ जना अधिकृतले सेवा अवधि खारेजको माग गर्दै बुधबार सर्वोच्चमा मुद्दा हाले । त्यसमा प्रारम्भीक सुनुवाई गर्दै न्यायाधीश हरि फुयाँलको एकल इजलासले 'अवकाशबारे नियमावलीमा होइन, ऐनमै आवश्यक व्यवस्था गर्नू' भनेर १० वर्ष अगाडि दिएको निर्देशन किन कार्यान्वयन भएन भनेर प्रश्न उठायो ।

पाँच न्यायाधीशको पूर्ण इजलासले २० चैत २०७० मा मन्त्रिपरिषद्ले नियमावलीमा अवकाश उमेर परिर्वतन गर्ने गरेको भन्दै जे चाहिन्छ, ऐनमा व्यवस्था गर्न आदेश दिएको थियो । अर्को वर्ष (२० मंसिर २०७१ मा) पूर्ण इजलासले नै नोकरीको अवधिलाई नियमावलीमा राख्न नमिल्ने भएकाले ऐनमै मिलाउन सरकारको नाममा निर्देशन दिएको थियो ।

सरकार, खासगरी गृह मन्त्रालयको नेतृत्वले अदालतको आदेशअनुसार ऐन संशोधन गर्ने रुची देखाएन । प्रहरीको नेतृत्वमा आफू अनुकुल पात्र ल्याउन ३० वर्षे सेवा अवधि हटाउने प्रयास भने गरे । त्यसका लागि उनीहरुले अध्ययन कार्यदल समेत बनाएका थिए । सबैजसो कार्यदलले ३० वर्ष सेवा अवधि हटाउन सुझाव दिएका छन् । तर अहिलेसम्म न ऐन संशोधन भयो न नियमावलीमा भएको ३० वर्ष सेवा अवधि हटाइयो ।

कार्यपालिका (सरकार) र व्यवस्थापिका (संसद)ले आफूले गर्नुपर्ने बाध्यातम काम समेत नगरेको निष्कर्षका साथ न्यायाधीश फुयाँलको एकल इजलासले ३० वर्षे सेवा अवधिका कारण १६ भदौमा अवकाश हुने भनेर प्रहरी अधिकृतहरुलाई दिएको पत्र कार्यान्वयन नगर्न र पदीय जिम्मेवारी परिर्वतन नगर्न अन्तरिम आदेश दियो ।

साथै १० असोजका लागि पेशी तोकेर बृफत पूर्ण इजलासले दिएको आदेशहरु किन कार्यान्वयन नभएको हो ? र, यसमा संविधानको धारा १२८ (४) बमोजिम कारबाही किन चलाउनु नपर्ने हो भन्ने सम्बन्धमा १५ दिनभित्र जवाफ दिन भन्यो ।

संविधानको धारा १२८ (४) मा ''अदालतको आदेश वा फैसला अवज्ञा गरेमा कानुन बमोजिम अवहेलनामा कारबाही चलाई सजाय गर्न सक्ने' उल्लेख छ ।

अब प्रधानमन्त्री कार्यालय, गृह मन्त्रालय र प्रहरी प्रधान कार्यालयले एक दशक अगाडि दिएको आदेश किन कार्यान्वयन हुन सकेन भनेर लिखित जवाफ दिनुपर्नेछ । त्यसमा चित्त नबुझे अदालतको अवहेनामा कारबाही हुनसक्छ ।

अनि, १० असोजमा हुने पूर्ण सुनुवाईबाट प्रहरीको ३० वर्षे सेवा अवधिबारे फैसला आउनेछ ।

अधिवक्ता सुवास आचार्यका अनुसार त्यसभन्दा अगाडि नै सरकारले प्रहरी ऐन संशोधन गरे वा संशोधन प्रक्रिया अगाडि बढाए सुनुवाईले त्यसलाई नै स्वीकार गर्नसक्छ । त्यसो नभएमा दिन नै तोकेर यति समयमा आवश्यक संशोधन गर्नू भन्नसक्छ । अगाडि भने, '३० वर्ष खारेज गर्ने वा यति वर्ष गर भन्ने सक्दैन ।'

रिटलाई अग्रताधिकार त दिइएको छ, तर १० असोजमै फैसला आउँछ भन्न सकिन्न । किनकी रिट निवेदकसँगै विपक्षीलाई सुन्नुपर्छ । त्यसक्रममा थप कागजात झिकाउन पनि सक्छ । त्यसले छिट्टै गर्दा पनि एक डेढ महिना लाग्नसक्छ ।

**अलमलमा प्रहरी हेडक्वार्टर**

त्यतिञ्जेल ३० वर्षे सेवा अवधिका कारण अवकाशमा जानुपर्ने, तर आन्तरिम आदेशबाट रोकिएकाहरुलाई कसरी काम लगाउने भन्ने अफठ्यारोमा प्रहरी हेडक्वार्टर परेको छ । अधिकृतहरुका अनुसार १६ भदौपछि हाजिर गराउन कुनै समस्या थिएन । तर सरुवा समेत नगराउनू, जहाँको त्यही राखेर काम लगाउनू भनेकाले अप्ठ्यारो परेको हो ।

एकातिर प्रहरीले नियमावलीले चनिन्ने, अर्कोतर्फ उनैकै अह्रनखटनमा चल्नुपर्ने भएपछि कसरी अघि बढ्ने भन्नेबारे अन्योल रहेको प्रहरी प्रधान कार्यालय बताउँछ । 'प्रहरी नियमावलीले नचिन्ने कर्मचारीलाई कसरी काममा लगाउने ?',प्रधान कार्यालयका एक अधिकारी भन्छन्, 'प्रहरी नियमावलीले नचिनेका व्यक्तिले गरेको काम कारबाहीको वैधानिकतामा प्रश्न उठे के गर्ने ?'

अझ अहिलेको अन्तरिम आदेशले निरन्तरता पाएन र १६ भदौबाटै उनीहरुले अवकाश पाएको मानिने अवस्था आयो भने के गर्ने प्रश्न पेचिलो बनेको छ । 'अहिले प्रहरी नियमावली नभई अदालतको आदेशमा काम गरेको हुन्छ । भोलि फैसला आउँदा बहालमा नरहेको अवस्थामा एउटा व्यक्तिले अर्को व्यक्तिलाई पक्राउ गरेको, थुनेको, मुद्दा चलाएको सम्म देखिन्छ' कर्मचारी प्रशासनमा लामो समयसम्म काम गरेका पूर्वएसपी रवीन्द्रनाथ रेग्मी भन्छन्, 'यस्तो अवस्था आयो भने के हुने भन्ने अन्योल निकै डर लाग्दो छ ।'

अधिवक्ता आचार्यले भने अन्तरिम आदेशले सेवामा रहेकाले वैधानिकताको प्रश्न नउठ्ने बताउका छन् । 'सर्वोच्चको आदेशले ३० वर्षे सेवा अवधिलाई सस्पेन्समात्रै गरेको हो, अर्को आदेश नहुँदासम्म उनीहरु उनीहरु सेवामै रहन्छन्' उनले अगाडि भने, 'त्यसबेला गरेको काम कारबाहीलाई वैधानिक मान्नुपर्छ ।'

**लगाइदिएको फुली के गर्ने ?**

प्रहरीमा यो मात्र प्रश्न गर्छ, अवकाश पाउने भएपछि लगादिइको फुली के गर्ने भन्ने पनि छ । प्रहरी नियमावली २०७१ को दफा १२९ को उपदफा (२) मा निवृत्तिभरण पाउने अवधि पुगेको र एउटै पदमा ८ वर्ष बहाल रहेको डीएसपीसम्मका अधिकृतलाई अवकाश हुन एक महिना बाँकी र हको अवस्थामा एक तह बढुवा गर्ने व्यवस्था छ ।

३० वर्षे सेवा अवधिका कारण १६ भदौमा अवकाश पाउन लागेका ३७ प्रहरी अधिकृतको एक तह बढुवा गरेर फुली लगाएको प्रहरी प्रधान कार्यालयको तथ्यांक छ । १७ जना इन्सपेक्टरले डीएसपीको दर्ज्यानी चिह्न लगाइसेका थिए । ११ जना वरिष्ठ सईको इन्सपेक्टरमा, ३ जना सईको बरिष्ठ सई, ६ जना असईको सईमा बढुवा गरेर दर्ज्यानी चिह्नसमेत दिइएको छ ।

सर्वोचले अन्तरिम आदेशका कारण अब उनीहरुले पनि १६ भदौमा अवकाश पाउने छैनन् । तर लगाएकाहरुको फुली खोस्ने कि बढुवा गर्ने भन्ने अन्योल छ । 'बढुवा नै दिने हो भने उहाँहरु अवकाशमा जानुपर्छ', प्रहरीको मानव स्रोत विभागका एक उच्च अधिकारीले भने, 'अवकाशमा नजाँदासम्म घटुवा गरौं भन्दा पनि बिना कारबाही मिलेन । यसले अलमलमा छौं ।'

प्रहरी प्रवक्ता डीआईजी दानबहादुर कार्कीले पनि यसबारे अन्यौल रहेको स्वीकार गरे । 'अवकाश हुने भएर एक तह बढुवा गरेर दर्ज्यानी चिह्न दिइएको थियो । अदालतले बिदा नगर्नु भनेपछि बिदा गर्ने विषय पनि भएन', कार्कीले संचारकर्मीसँग भने, विदा नगरेको अवस्थामा बढुवा के गर्ने भन्ने अन्योल छ ।'

*(स्रोत: अनलाइनखबर)*

# बनेपामा आँचल र विवेकले गरे कन्या पूजा, बालबालिकालाई बाँडे कापी



काठमाडौं/यही भदो १४ गतेदेखि प्रदर्शनमा आउने तयारीमा रहेको फिल्म 'वर एन्ड वधु'को प्रचारमा अभिनेत्री आँचल शर्मा र अभिनेता विवेक कर्माचार्यको राम्रै दौडधुप देखिन्छ । यसै साता पूर्व जिल्ला पुगेर फिल्मबारे जानकारी गराएका उनीहरुले मिडियामा पनि उपस्थिति जनाइरहेका छन् । यसैबीच, कृष्ण जन्माष्टमीको अवसरमा सोमबार बनेपामा आयोजित कन्या पूजामा पनि उनीहरु सहभागी भए ।

आँचल र विवेकसहित फिल्मका कलाकारहरु किरण केसी, रविन्द्र खड्का, कुसुम शर्मा र विजु पार्कीले संयुक्त रुपमा कन्या पूजा गरेका थिए । त्यहाँ करिब १० हजारभन्दा बढीको उपस्थिति रहेको थियो । सो अवसरमा फिल्मका कलाकारहरुले एक हजार बढी बालबालिकालाई कापी तथा खानेकुरा वितरण गरेका थिए भने निर्माण टिमले १ लाख ११ हजार नगद सहयोग समेत गरेको थियो ।

सनातन कन्या पूजा प्रबन्ध समितिमार्फत हरेक वर्ष आयोजना हुँदै आएको कन्या पूजामा पहिलो पटक सहभागी हुन पाउँदा खुशी र आनन्द महसुस भएको आँचलले बताइन् ।

त्यस्तै, विवेकले आफूले विगत ४ वर्षदेखि निरन्तर कन्या पूजामा आएर विभिन्न कुराहरु दान गर्ने गरेको बताए । उनी बनेपा निवासी समेत हुन् । बनेपामा कन्या पूजा गर्ने करिब १२२ वर्ष पूरानो इतिहास रही आएको छ ।

मिलन चाम्सको निर्देशनमा बनेको फिल्ममा जानुका थापा निर्माता तथा अमित रिजाल कार्यकारी निर्मातामा छन् । फिल्ममा विजय लामा, अंशु महर्जन, गरिमा शर्मा, सरिता लामिछाने, हिउँवाला गौतम, हिमेश पन्त लगायतको पनि अभिनय छ । सुदिप बरालको छायांकन रहेको फिल्ममा प्रदीप भारद्वाजको कथा, पटकथा एवं संवाद छ । फिल्मको ट्रेलरलाई युट्युबमा दर्शकले रुचाएका छन् ।

# कलेजका विद्यार्थी फकाउँदै पूजा




काठमाडौं/यही भदौ २१ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'रावायण'को टिजर, गीत र ट्रेलरका कारण चर्चा चुलिएको छ । युट्युबमा यी तीनवटै 'कन्टेन्ट'लाई दर्शकले निकै रुचाएका छन् । धेरैले यसबाट 'एक्सन युग'को सुरुवात हुनसक्ने विश्लेषण समेत गरेका छन् । फिल्मको प्रचारात्मक सामाग्री हेर्दा यसको लक्षित वर्ग युवापुस्ता देखिन्छ । र, निर्माण टिमले प्रचार पनि त्यही रुपमा गरि रहेको छ ।

आइतबार निर्देशक सुदर्शन थापा, अभिनेत्री पूजा शर्मा, कलाकारद्वय प्रमोद अग्रहरी र प्रकाश शाह कमलादीस्थित प्रज्ञा प्रतिष्ठानमा आयोजित टेक्सास कलेजको एक कार्यक्रममा सहभागी भएका थिए । जहाँ उनीहरुले कलेजका सयौं युवा विद्यार्थीहरुलाई फिल्मको बारेमा जानकारी गराउँदै ट्रेलर देखाएर हुटहुटी जगाए । कार्यक्रममा पूजाको इन्ट्री हुँदा हल पूरै हुटिङ र तालीले गुञ्जयमान बन्यो ।

कार्यक्रममा सहभागी भएपछि पत्रकारसँग कुराकानी गर्दै निर्देशक थापाले फिल्मको विषयवस्तु अहिलेको युवापुस्ताका लागि फरक लाग्ने बताए । 'रामायण'को सुरुवात रामले गरेजस्तै अब 'रावायण'को सुरुवात रावणले गर्ने उनको भनाइ थियो । पहिलाको फिल्ममा भन्दा पूजाको 'हेभी' क्यारेक्टर रहेको समेत सुदर्शनले दाबी गरे । पल शाहको क्यारेक्टर पनि सशक्त रहेको उनको जिकिर छ ।

प्रियंका कार्की, प्रकाश शाह, कैलाश रावल, निकिता चाण्डक, अर्जुनजंग शाही, शर्मिला मल्ल, प्रदीप ढकाल, कैलाश रावल, निमा पाण्डे, अनिल कुर्मी, रजिता पराजुली, विशाल पहारी, सुशान्तकुमार श्रेष्ठ लगायतको पनि रहेको 'रावायण' एक्सन कथामा बनेको हो । पल दोहोरो चरित्रमा देखिएका छन् । जेल जीवनपछि उनको यो कमब्याक फिल्म भएकाले उनलाई सफलताको दबाब ठूलो छ ।

# धीरजको करिअरलाई 'खुस्मा'ले दिन सक्ला पुनर्जन्म ?



काठमाडौं/फिल्म 'इन्टु मिन्टु लण्डनमा'बाट डेब्यु गर्दा अभिनेता धीरज मगरको चर्चा उत्कर्षमा थियो । लुक्सका कारण डेब्यु अगावै 'झलग'बाट उनको गजब 'फ्यान फलोइङ' बनिसकेको थियो । पहिलो फिल्मबाट अभिनयमा पनि राम्रो सम्भावना देखाएपछि उनलाई 'स्टार'को रुपमा हेरियो । तर, दुर्भाग्य ! यसपछि उनका फिल्मले व्यावसायिक सफलता पाउन नसक्दा करिअरको सन्तुलन नै बिग्रिएको छ ।

अब उनलाई ठूलो आशा र भरोसा आगामी असोज ३ गतेदेखि प्रदर्शनको तयारीमा रहेको फिल्म 'खुस्मा'प्रति छ । यो सफल भएको खण्डमा उनको करिअरले पुनर्जन्म पाउने धेरैको तर्क छ । के उनलाई पनि यही लागेको छ ? आइतबार फिल्मको गीत सार्वजनिक कार्यक्रममा पत्रकारको प्रश्नमा उनले भने- 'मेरो लागि हरेक फिल्म फरक र नयाँ हुन्छ । हरेक प्रोजेक्टले नयाँ जन्म दिए झैं लाग्छ ।'

'खुस्मा'मा धीरजले द्वन्द्वकालीन समयको जीवन बाँचेका छन्, जुन उनले न भोगेका हुन् न देखेका । किनभने, उनको हुकाई, बढाई र पढाई बेलायतमा भयो । यसैले फिल्ममा काम गर्न चुनौतीपूर्ण भएको उनको अनुभव छ । 'मैले पहिलोपटक 'पिरियोडिक' फिल्म गरेको हुँ । यसैले पनि धेरै चुनौती महसुस गरें । अरु फिल्ममा जसरी तयारी गर्थें, यसमा मैले धेरै इतिहास पढ्नु पर्‍यो,' उनले भने ।

धीरजले द्वन्द्वकालीन समयको दुःख र संघर्ष नभोगेका भए पनि उनकी आमाले त्यो जीवन बाँचेकी थिइन् । त्यसले गर्दा उनले चरित्र निर्माणको क्रममा आमाको अनुभव सुने । साथीभाईहरुको सहयोग लिए । उनी भन्छन्, 'त्यसबेलाको दुःख र संघर्ष सुन्दा आफैंलाई निकै गाह्रो भएको थियो । फिल्मले द्वन्द्वकालीन समयको कथा उठाएकाले आम नेपालीलाई कहीं न कहीं छुन्छ भन्ने मलाई लाग्छ ।'

# अरुणलाई लिएर एक्सन फिल्म 'हन्टर' बन्ने

काठमाडौं/लामो समयदेखि सामाजिक कथाको बाढी देखिएको नेपाली फिल्ममा फेरि एक्सनको लहर सुरु हुन थालेको छ । यतिबेला एकपछि अर्को एक्सन फिल्म निर्माण र प्रदर्शन भइरहेका छन् । अब एक्सन कथामा अर्को फिल्म 'हन्टर' बन्ने भएको छ । अभिनेता अरुण क्षेत्रीलाई शीर्ष भूमिकामा लिएर यो फिल्म बन्न लागेको हो । सोमबार थिम पोस्टर सार्वजनिक गर्दै फिल्मको निर्माण घोषणा गरियो ।

जीवन सिंहले फिल्मलाई निर्देशन गर्नेछन् । यो उनको पहिलो निर्देशकीय फिल्म हुनेछ । फिल्ममा अरुणबाहेक अरु कलाकार भने निश्चित भइसकेका छन् । क्याच कुक इन्टरटेनमेन्टको प्रस्तुतिमा निर्माण हुन लागेको फिल्मले सुदूर पश्चिमको कथा भन्ने जनाएको छ । फिल्मलाई पश्चिम नेपालमा खिचिनेछ । 'हन्टर'को अर्थ शिकारी हुन्छ । अर्थात् फिल्मले शिकारीको कथा भन्ने शीर्षकले बुझाउँछ । निर्देशक सिंहले फिल्म वास्तविक पात्रबाट प्रभावित रहेको जनाएका छन् । 'यो वास्तविक पात्रको कथाबाट प्रभावित छ । तर, हामी 'सिनेम्याटिक लिवर्टी' लिएर कथा भन्ने छौं ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

Printer Shop

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

संसदीय समितिको स्थलगत अध्ययन निष्कर्ष :

# किसानलाई पहाडमा बाँदर र मधेशमा बँदेलले हैरान

काठमाडौं/जंगली जनावरले कृषि बालीमा पारेको असरबारे स्थलगत अध्ययन थालेको राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिले प्रतिवेदन बुझाएको छ । स्थलगत अध्ययनका क्रममा समितिले कतिपय बाह्य मुलुकका अभ्यास समेत नियालेका थिए ।

जंगली जनावरले कृषि बालीमा क्षति पुर्‍याउँदा कृषक मारमा परेको भन्दै सडकदेखि सदनसम्म बहस चल्न थालेपछि समितिले अध्यनन थालेको थियो । समितिले खाद्य सुरक्षा ऐन कार्यान्वयन मापनबारे गरेको स्थलगत अध्ययनले पहाडमा जंगली जनावर र तराईमा छाडा पशु चौपायाले कृषि बालीमा असर पारेको देखाएको छ ।

जंगली जनावर र छाडा पशु चौपायाले कृषि बालीमा असर पार्दा यसले समेत खाद्य संकट निम्त्याउन मद्दत गरेको औंल्याइएको छ । विधायन व्यवस्थापन विधायन समितिले तराई क्षेत्र अन्तर्गत कपिलवस्तु, पहाडी क्षेत्र अन्तर्गत सिन्धुपाल्चोक र काभ्रेपलाञ्चोक जिल्लालाई नमूनाको रुपमा छनोट गरेको थियो ।

तीन वटा जिल्लाका ६ वटा स्थानीय तहमा नमुनाको रुपमा २०८० साल भदौदेखि २०८० साल फागुनसम्म अध्ययन गरिएको थियो । उक्त अध्ययनको प्रतिवेदन हालै प्रकाशित भएको हो । जसमा कृषकको बाली जोगाउन नसक्दा उत्पादनमा कमी आएको उल्लेख छ ।

'उत्पादन भइरहेको बालीमा छाडा चौपायाले क्षति पुर्‍याइरहँदा सास्ती व्यहोर्नु परिरहेको र उत्पादनमा ह्रास भएको', तराई केन्द्रित संसदीय समितिको स्थलगत अध्ययनको निष्कर्ष छ ।

पहाडी क्षेत्रमा जंगली जनावर कृषि उपज उत्पादनमा समस्याको रुपमा देखा परेको छ । 'विभिन्न दुःख कष्ट झेलेर उब्जाएको बालीमा जंगली तथा छाडा जनावर तथा पशु चौपायाहरूबाट समेत लगातार क्षति व्यहोरिरहनु पर्दा खाद्य सुरक्षा थप जोखिममा परेको छ', स्थलगत अध्ययनको निष्कर्ष खण्डको 'कमजोर खाद्य सुरक्षा व्यवस्थापन' शीर्षक अन्तर्गत लेखिएको छ ।

तराई क्षेत्र अन्तर्गत कपिलवस्तुको वाणगंगा नगरपालिका, बुद्धभूमि नगरपालिका र यशोधरा गाउँपालिकामा अध्ययन गरिएको थियो । पहाडी क्षेत्र अन्तर्गत सिन्धुपाल्चोकको पाँचपोखरी थाङपाल गाउँपालिका, मेलम्ची नगरपालिका र काभ्रेपलाञ्चोकको पाँचखाल नगरपालिकामा स्थलगत अध्ययन गरिएको थियो ।

विधायक व्यवस्थापन समितिकी सभापति जयन्त्रीदेवी राई पहाडी इलामा बाँदर, बँदेल, दुम्सी, स्याल र तराईमा छाडा पशु चौपाया (गाई, गोरु) ले कृषि बालीमा क्षति पुर्‍याउने क्रम बढेकोले कृषि उत्पादनमै असर परेको निष्कर्षमा पुगिएको बताउँछिन् । 'पहाडी इलाकामा कृषकले रोकिनसक्नु जंगली जनावर कृषि बालीमा आउँछन् । जंगली जनावरकैकारण कतिपय कृषक विस्थापित हुने वा भएका छन्', सभापति राई भन्छिन्, 'यसले खाद्य उत्पादनमा प्रत्यक्ष असर पुर्‍याएको छ ।'

समिति सदस्य गंगाकुमारी बेलबासेका अनुसार पहाडमा बाँदर सबैभन्दा ठूलो समस्याको रुपमा देखा परेको छ भने मधेशमा बँदेलको समस्या छ । 'हरिणको प्रजाति राष्ट्रिय निकुञ्जको आसपासमा देखिन्छ । खुला चउरमा यो जनावर हुने र सयौंको ग्रुपमा आउने र एकैछिनमा मकैलगायत बाली एकैछिनमा सखाप पारिदिन्छ । बँदेल जतिबेला मकैको घोगा लाग्न खोजेको हुन्छ त्यो बेला आउँछ सखाप पार्छ', उनले भनिन् ।

यो प्रजातिले केरा लगायतका बालीमा समेत क्षति पुर्‍याउने गरेको उनले सुनाइन् । हात्तीले समेत तराई क्षेत्रमा उत्पादित बालीमा क्षति पुर्‍याउने गरेको छ । कपिलवस्तुको दक्षिण भेगमा छाडा पशु चौपाया कति छन् भन्ने त्यहाँ पुग्नेले बाटोमा देख्ने गोबरबाटै थाहा पाउने उनले बताइन् ।

बेलबासेका अनुसार छाडा पशु चौपाया रोक्न एकीकृत पालन गर्ने नीति राज्यले लिन सक्छ । 'पोखरामा छाडा गाई गोरुलाई नियन्त्रणमा लिएर संयुक्त योजनामा पालन गरिएको रहेछ । अन्यत्र पनि यसो गर्न सके छाडा पशु चौपाया नियन्त्रण गर्न सकिन्छ', उनले भनिन्, 'गौमूत्रसमेत मलको रुपमा प्रयोग गर्न सकिन्छ । दुध बिक्री गरेर आम्दानी लिन सकिन्छ । यस्तो नीति अवलम्बन गर्न सकिन्छ ।'

*(स्रोत: अनलाइनखबर)*

# सिंहदरबारमा फोटो-भिडियो खिच्न किन रोक्छ प्रहरी ?

काठमाडौं । सिंहदरबार भित्र हिजोआज फोटो खिच्दा प्रहरीले देखे भने गाली खानुपर्छ । कर्मचारीहरुलाई समेत सुरक्षाकर्मीले सिंहदरबारभित्र फोटो र भिडियो नखिच्न सचेत गराउँछन् ।

सामान्यतया सार्वजनिक स्थानमा फोटो/भिडियो खिचन मनाही गरिँदैन । झन् देशकै प्रमुख प्रशासनिक केन्द्र सिंहदरबारमा त सेवा लिन पुग्नेहरु प्राय सर्वसाधारण सम्झनाका लागि फोटो/भिडियो खिच्न रुचाउँछन् । तर, पछिल्ला दिनमा सिंहदरबारभित्र प्रहरीको निगरानी छल्न सके मात्रै सार्वसाधारणले फोटो/भिडियो खिच्न सकिन्छ । प्रहरीले सिंहदरबारका विभिन्न भागमा सूचना नै राखेर फोटो भिडियो नबनाउन सूचित गरेको छ ।

'यस सिंहदरबार परिसर भित्र स्वीकृतिविना फोटो भिडियो तथा टिकटक बनाउन निषेधित रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ', नेपाल प्रहरीको सिंहदरबार सुरक्षा गणले राखेका सूचना बोर्डहरुमा लेखिएका छन् । यस्तो बोर्डहरु सिंहदरबारमा राखेर फोटो खिच्न रोक्न थालेको दुई महिनाभन्दा बढी भयो ।

रक्षा मन्त्रालयमा सैनिक आफन्त भेट्न आएका धनगढीका सुन्दर भट्ट गृह मन्त्रालयको अगाडि फोटो खिच्दा प्रहरीले गाली गरेको बताउँछन् । 'प्रहरीले सूचना हेर्नुभएन भन्दै गाली नै गर्‍यो', उनले भने, 'गृह मन्त्रालयको बोर्ड देखिने गरी फोटो खिच्दा सरकारको के बिग्रिने हो भन्ने बुझ्न सकिएन ।'

धेरै पहुँचवालाहरुले सिंहदरबारभित्र मन्त्रीकै कोठाभित्र फोटो खिचाउने गरेको भन्दै उनले बाटो र बगैंचामा फोटो खिच्न रोक्नुको औचित्य नभएको बताए ।

प्रहरी स्रोतका अनुसार गृह मन्त्रालयसँग समन्वय गरेरै फोटो/भिडियो खिच्न दिने गरी कडाइ गरिएको हो । सिंहदरबार भित्र कर्मचारीहरु समेत बगैंचामा बसेर टिकटक र रिल्स बनाउने क्रम बढेको सूचना प्रहरीले गृह मन्त्रालयलाई दिएको थियो ।

'कतिपय व्यक्तिहरु सिंहदरबारभित्रका बगैचाहरुमा टिकटक बनाउन र फोटो खिचाउन आएको पायौं', एक प्रहरी अधिकारीले भने, 'यसले सिंहदरबारभित्र भीडभाड बढ्यो र सुरक्षा चुनौती पनि थपिने अवस्था बन्यो, त्यसैले गृह मन्त्रालयसँग समन्वय गरेरै कडाइ गर्न थालेका हौं ।' सिंहदरबारभित्र सेवा लिन र राजनीतिक तथा प्रशासनिक भेटघाटमा आउनेहरुलाई समेत यस्तो गतिविधिले असर पर्ने देखेपछि रोक लगाइएको उनले बताए । तर, यसका लागि गृह मन्त्रालयबाट कुनै नीतिगत निर्णय भने नभएको प्रहरीले बताएको छ ।

प्रहरीले भीडभाड बढ्ने र बगैंचाहरुमा अनावश्यक कामले आउनेहरु रुमल्लिने अवस्थालाई मध्यनजर गरेरै फोटो भिडियो खिच्न निषेध गरिएको बताएको छ । सिंहदर बारभित्र सेवाग्राहीको आवागमनलाई मर्यादित बनाउन यसको परिएको प्रहरी अधिकारीहरुको भनाइ छ । गृह मन्त्रालयका प्रवक्ता नारायणप्रसाद भट्ट सिंहदरबारको सेवा प्रवाहलाई व्यवस्थित गर्नका लागि यस्तो कदम चालिएको बताउँछन् । 'सिंहदरबार भित्र अनावश्यक भीडभाड नहोस् र मान्छेजे उद्देश्यले आउँछ त्यसविपरीतको काम नहोस् भनेर सुरक्षाको जिम्मा पाएको प्रहरीले व्यवस्थापन गरिरहेको हो', उनले भने ।

*(स्रोत: अनलाइनखबर)*

# श्रीकृष्ण जन्माष्टमी मनाइयो

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ भाद्रकृष्ण अष्टमीका दिन आज बिहानैदेखि देशभरका कृष्ण मन्दिरमा भक्तजनको भीड लागेको छ । मकवानपुरको बिभिन्न कृष्ण मन्दिरमा बिहानैदेखि भक्तजनको घुँईचो लागेको थियो ।

'श्रीकृष्णजन्माष्टमी' का अवसरमा देशभरि भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाइएको हो । ज्ञानयोग, कर्मयोग र भक्तियोगका प्रणेता भगवान् श्रीकृष्णको जन्म द्वापरयुगमा भाद्रकृष्ण अष्टमी अर्थात् आजैको मध्यरातमा भएकाले यस दिनलाई 'श्रीकृष्ण जन्माष्टमी' र रातलाई 'मोहरात्रि' भन्ने गरिएको छ । हेटौंडा-२ पिपलबोटस्थित कृष्ण मन्दिरमा भक्तजनको दिनभर भिड लागेको थियो ।

मकवानपुरगढीको कृष्ण मन्दिर, हटिया जुरेथुमस्थित कृष्ण मन्दिर, भैंस्थित कृष्ण मन्दिर, थाहानगरस्थित कृष्ण मन्दिरमा बिहानैदेखि भक्तजनको भीड लागेको हो । वैदिकसनातन हिन्दु धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्व देशभर भगवान् श्रीकृष्णको पूजा-आराधना गरी श्रद्धा-भक्तिपूर्वक मनाउँदैछन् । आजको दिन देशभरका कृष्णमन्दिरमा भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तनका साथै विशेष गरी महिला, पुरुष 'निराहार व्रत' बसी रातभर जाग्राम बस्ने प्रचलन छ ।

अन्याय, अत्याचार र राक्षसी प्रवृत्तिबाट सम्पूर्ण मानवको रक्षागर्न भगवान् विष्णुको आठौँ अवतारकारुपमा जन्मिएका श्रीकृष्णले आजीवन सत्यको पक्षमा रही सत्कर्मका लागि मानव समुदायलाई प्रेरित गरेका किम्बदन्ती छ । कुरुक्षेत्रमा कौरवसँगको लडाइँमा संलग्न पाण्डवमध्येका अर्जुनलाई उपदेश दिने क्रममा स्वयम् भगवान् श्रीकृष्णका मुखारविन्दबाट व्यक्त 'श्रीमद्भागवतगीता' पवित्र ग्रन्थ मानिन्छ । छोटकरीमा गीता नामले समेत चिनिने यो ग्रन्थ विश्वमै सबैभन्दा बढी भाषामा अनुवाद भएको ग्रन्थ हो ।

बाल्यकालदेखि नै आफ्ना विचित्र लीला देखाएका श्रीकृष्णले पुतना राक्षस, कंश, जरासन्ध र शिशुपालजस्ता दानवी प्रवृत्तिको संहार गरेको पौराणिक ग्रन्थमा उल्लेख छ । यस अवसरमा आजकै दिन पाटनको मंगलबजारस्थित प्रसिद्ध कृष्ण मन्दिरमा ठूलो मेला लाग्ने गरेको छ । यसै उपलक्ष्यमा विभिन्न धार्मिक संघसंस्थाद्वारा श्रीकृष्णको झाँकीसहित शोभायात्रा तथा रथयात्रा निकाल्ने चलन छ । शोभायात्रा मध्यरातमा श्रीकृष्णको जन्म भएपछिको भोलिपल्ट निकाल्ने गरिन्छ । यस पर्वका अवसरमा सरकारले सार्वजनिक बिदा दिएको छ ।

श्रीकृष्ण जन्माष्टमी पर्वका अवसरमा सामुदायिक एवम् संस्थागत विद्यालयले बालबालिकालाई श्रीकृष्ण एवम् राधाका रुपमा शृंगार गरेर विभिन्न कार्यक्रम आयोजना गर्ने गरेका छन् । यसबाट बालबालिकामा यस पर्वको महत्व बुझ्न सहयोग पुग्ने अनुमान गरिएको छ । सामाजिक संजालमा पनि श्रीकृष्ण जन्माष्टमिका बारेमा बिभिन्न धारणाहरु व्यक्त भएका छन् ।

# हटियाको जुरेथुम: धार्मिक गन्तब्य बन्दै

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/हेटौंडा उपमहानगरपालिका-१७, जुरेथुम स्थित कृष्णमूर्ति प्रांगणमा भक्तजनको भीड लागेको छ । वैदिक सनातन धर्मावलम्बीले 'श्रीकृष्णजन्माष्टमी' पर्वमा भगवान् श्रीकृष्णको पूजा-आराधना गरी मनाउँने क्रममा जुरेथुम पुगेका छन् ।

श्रद्धालुहरु श्रीकृष्णको दर्शन, पूजाआजा गर्न त्यहाँ पुगेका हुन् । हटियास्थित जुरेथुम पिकनिक तथा पर्यटन पार्कमा रहेको श्रीकृष्णको मूर्ति ४२ फिट अग्लो छ । मूर्ति प्रांगणमा हजारौँको संख्यामा श्रद्धालुभक्तजनले श्रद्धापूर्वक पूजाआजा तथा भजनकीर्तन गरेको पार्कका अध्यक्ष संकरबहादुर राउतले जानकारी दिए ।

यस्तै, हेटौंडा-१७ स्थित जगतगुरुउत्तमधाममा पनि हजारौँ भक्तजनले पूजाआजा गरेका छन् । यसैगरी, ऐतिहासिक मकवानपुरगढी दरबारस्थित श्रीकृष्णको मन्दिर तथा



हेटौंडा-६ चौघडास्थित वंशगोपालको मन्दिर, हेटौंडा-५ स्थित राधाकृष्ण मन्दिरलगायत अन्य कृष्ण मन्दिरमा श्रद्धालुहरु पूजाआरधना गर्न पुगेका छन् ।

उनीहरुले कृष्ण मन्दिरमा भेला भई भगवान् श्रीकृष्णको पूजा-आराधना, प्रवचन, भजनकीर्तन गरी जन्माष्टमी मनाइरहेका छन् ।

# कमल थापाको पुस्तक प्रम ओलीद्वारा बिमोचन

साझाकुरा संवाददाता



हेटौंडा, १० भदौ/ प्रधानमन्त्री केपी शर्मा ओलीले राप्रपा नेपालका अध्यक्ष तथा पूर्वउप प्रधानमन्त्री कमल थापाले लेखेको 'नाकाबन्दी र भूराजनीति-कूटनीतिमा मेरो अनुभव र अनुभूति' नामक पुस्तकको लोकार्पण गरेका छन् ।

मकवानपुरे नेता थापाले पुस्तकलाई ६ खण्डमा बाँढिएको र परराष्टसम्बन्धी विभिन्न घटनाक्रमलाई उल्लेख गरिएको बताएका छन् । पुस्तकमा एकीकृत महाकाली सन्धि तथा २०७२ सालमा देशको नयाँ संविधान जारी भएपछि परराष्ट्रमन्त्रीका रुपमा थापाले निर्वाह गरेको भूमिका र त्यसैको सेरोफेरोमा रहेर आफ्ना अनुभूति अभिव्यक्त गरेका छन् ।

पूर्वउपप्रधानमन्त्री तथा परराष्ट्रमन्त्री थापाले सन् १९५० को शान्ति तथा मैत्रीसन्धि र त्यसयता विकसित दुई देशबीचको सम्बन्धका विविध आयामलाई पुस्तकमा समेट्ने प्रयास गरेको बताएका छन् । बिशेषगरी नाकाबन्दीका समयमा भएका घटनालाई थापाले इमानदारीपूर्बक पुस्तकमा प्रस्तुत गरेको र लामो किसिमबाट बिषयबस्तुलाई नतन्काएको पनि उनले उल्लेख गरे ।

नेपालको सीमा समस्या, चिनसँगको सम्बन्ध, विभिन्न राष्ट्रप्रमुखसँगको भेटलगायतका बिषयबस्तुलाई पुस्तकमा समाबेश गरिएको नेता थापाले जानकारी दिए । पुस्तक आत्मकथा नभएको स्पष्ट पार्दै नेता थापाले मुलुकको भूराजनीति, सुरक्षा एवम् सामरिक मामिलामा नेपाल र भारतबीच अवधारणागत भिन्नता रहेकाले द्विदेशीय सबै समस्या संवादका माध्यमबाट समाधान हुनुपर्नेमा जोड दिएका छन् ।

नेपाल-भारत सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउन परम्परागत परिभाषा परिमार्जनको आवश्यकता औंल्याउँदै लेखक नेता थापाले आपसी सम्बन्धलाई नयाँ शिराबाट समीक्षा गर्नुपर्ने बताए । लेखक थापा तत्कालीन प्रधानमन्त्रीहरु लोकेन्द्रबहादुर चन्द, शेरबहादुर देउवा र केपी शर्मा ओली नेतृत्वको मन्त्रिपरिषद्मा परराष्ट्रमन्त्री थिए । थापाका यसअघि 'कर्नेल छत्रबहादुर थापा: एक पटकको सैनिक जीवनभरको सैनिक' र 'द्वन्द्व व्यवस्थापन र चुनौती' पुस्तक प्रकाशित छन् ।

## ममता काफ्ले मृत्यु प्रकरण:

# दोषीलाई सजाय दिन प्रणामी युवाको माग

साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ अमेरिकाको भर्जिनियामा ममता काफ्ले भट्टको हत्यारालाई कडा सजायको माग गर्दै हेटौंडाको बुद्धचोकमा प्रदर्शन गरिएको छ । श्रीकृष्णप्रणामी युवा परिषद् मकवानपुरले हेटौंडाको बुद्धचोकमा ममताको रहस्यमय मृत्युको छानबीन र दोषीमाथि कडा कारबाहीको माग गरेको हो ।

अमेरिकामा बसोबास गर्दै आएकी प्रणामी धर्मकी अनुयायी ममताको रहस्यमय मृत्यु भएपछि परिषद्ले 'ममताका लागि न्याय' भन्दै हेटौंडाको बुद्धचोकमा विरोध प्रदर्शन गरेको हो । कार्यक्रममा परिषद्का अध्यक्ष सुजन तिमल्सिनाले दोषीमाथि कारबाहीको माग गरेका हुन् । जिल्ला सचिव राजेश वाग्लेकोसंयोजनमा भएको कार्यक्रममा बाइजु राज सेवा समिति मकवानपुरका अध्यक्ष देवकी खतिवडा लगायतले न्यायको माग गरेका हुन् ।

ममताको हत्या भएको प्रहरीले आशका गरेको छ । हत्या आशंकामा प्रहरीले उनका पति नरेश भट्टलाई पक्राउ गरिएको अमेरिकी प्रहरीले जनाएको छ । हत्या गरेर शव बेपत्ता पारेको अभियोगमा प्रहरीले नरेशलाई हिरासतमा राखेर अनुसन्धान अगाडि बढाएको छ । भर्जिनियाको मनाससपार्कका प्रहरीप्रमुख मारियो लुगोले अनुसन्धान अधिकारीहरुले निरन्तर छानबीन गरिरहेको बताएका छन् । तर, यस्तो अवस्थामा उनको मृत्यु हुनसक्ने प्रहरीप्रमुख मारियोको भनाइ छ । प्रहरीका अनुसार २८ वर्षीया ममता गत २८ जुलाईमा अन्तिम पटक देखिएकी थिइन् । त्यसको भोलिपल्ट २९ जुलाईमा उनको अन्तिम पटक पति नरेशसँग सम्पर्क भएको प्रहरी अनुसन्धानबाट खुलेको छ । नरेशले भने ३१ जुलाईमा अन्तिमपटक ममतालाई देखेको प्रहरीसमक्ष बयान दिएका छन् ।

अनुसन्धान अधिकारीहरूले ममता काम गर्ने स्थानमा सोधीखोजी गरेपछि नरेशले तीन दिनपछि अगस्ट ५ मा 'मिसिङ रिपोर्ट' दर्ता गराएका थिए । अनुसन्धानमा केही 'क्लु' नपाएपछि प्रहरीले नरेश बस्ने घरमा छापा मारेको थियो । त्यसलगत्तै प्रहरीले हतकडी सहित नरेशलाई पक्रेर लगेको थियो । उनको एक वर्षीया छोरीलाई भने समाजसेवा विभागले जिम्मा लिएको छ ।

# चट्याङले कँडेलको घरमा क्षति



साझाकुरा संवाददाता

हेटौंडा, १० भदौ/ सोमबार दिउँसो परेको चट्याङले हेटौंडा ४ हुप्रचौर सयपत्री टोलस्थित यज्ञप्रसाद कंडेलको घरमा क्षति पुगेको छ ।

अपरान्ह करिब ४ बजे परेको चट्याङले घरको केही भाग फुट्नुका साथै घरमा रहेको इन्भरटर, फ्यान, राउटर, पावर सप्लाईका साथै बल्बहरु पूर्णरूपले ध्वस्त भएको उनका छोरा प्रदीप कँडेलले जानकारी दिए । चट्याङले मानवीय क्षेती भने नभएको उनले जानकारी दिएका छन् ।

## साइबर सुरक्षाबारे सचेत रहौं

- अपरिचित इमेल, सन्देश र लिङ्कहरु नखोलौं,
- संवेदनशील जानकारी (पासवर्ड, बैंक विवरण) सुरक्षित राखौं,
- अनधिकृत सफ्टवेयर डाउनलोड नगरौं,
- फर्जी वा अनलाइन लगानी (क्रिप्टोकरेन्सी) जस्ता साइटहरूबाट हुनसक्ने ठगीबाट जोगिऔं,
- सामाजिक सञ्जालमा आफ्नो ठेगाना, फोन नम्बर र वित्तीय विवरण नराखौं, आफ्नो पासवर्डलाई बलियो राखौं र नियमित रूपमा परिवर्तन गरौं,
- वाई-फाई नेटवर्कको पासवर्ड सुरक्षित राखौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सूचना ! सूचना !! सूचना !!!

*अब किन जानु पऱ्यो विदेश ?*

हामी कहाँ आउनूस्
छानीछानी सुमो किनेर
आफैं साहु बन्नूस्

७०% बैंकिङ सुविधा



हामी कहाँ २००७ देखि २०१६ मोडलको सिस्नेरीको रुटमा चलिरहेको TATA SUMO बिक्रीका लागि उपलब्ध छन् ।

आजै सम्पर्क गर्नुहोस्
Singhababini Moto Corp Pvt. Ltd.
९८०२५३७८३१, ९८०२५३७७०८, ९८०२५३७७०५

२०६२ सालदेखि चौकीटोल ओरालोमा रहेर सेवारत **लामा फ्रेस मिट सप**
अब नयाँ स्थान र नयाँ नाममा उही उत्कृष्ट सेवासहित...

## ओम फ्रेस मिट सप

# तपाईंको सेवामा






यहाँ ब्रोइलर, लोकल र लोहाटन कुखुरा तथा खसी, बोकाको मासु पाइनुका साथै चिकेन र मटन म:म को किमा पनि पाइन्छ ।

प्रोप्राइटर:
नुतन लामा

## ओम फ्रेस मिट सप

हेटौंडा-२ चौकीटोल ओरालो (मन्त्रालय भवनको अगाडि)
सम्पर्क नं. ९८४५०२८४६६, ९८४५८६३७२१




साझाकुरा राष्ट्रिय दैनिकका लागि **सविन न्यौपाने**द्वारा प्रकाशित, सम्पादक: **सरला खनाल**, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, **मुद्रण:** सफल छापाखाना